अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १६ साउन ०८२


# साउनयता मात्रै थपियो ४९ अर्ब ऋण

## १२ साउनको मन्त्रिपरिषद्बाट ३५.६६ अर्ब र ७ साउनको मन्त्रिपरिषद्बाट करिब १३.३० अर्ब ऋण स्वीकृत




नयाँ पत्रिका

साउनमा बसेका तीनमध्ये पछिल्ला दुईवटा मन्त्रिपरिषद् बैठकबाट सरकारले ४८ अर्ब ९६ करोड ऋण लिने निर्णय गरेको छ। ७ साउनको बैठकबाट साकेक विद्युत् ट्रान्समिसन तथा वितरण आयोजना कार्यान्वयनका लागि आपेक फन्ड फरक इन्टरनेसनल डेभलपमेन्टबाट १०० मिलयन डलर (करिब १३ अर्ब ३० करोड रुपैयाँ) र १२ साउनको बैठकबाट दुईवटा परियोजनाका लागि ३५ अर्ब ६६ करोड ऋण लिने निर्णय भएको छ।

सञ्चार मन्त्रालयका अनुसार १२ साउनमा रानी-जमरा कुलरिया सिँचाइ आयोजनाका लागि १८ अर्ब ९२ करोड र विद्युत् वितरण प्रणाली स्तरोन्नति तथा सुदृढीकरण आयोजनाका लागि १६ अर्ब ७४ करोड रुपैयाँ ऋण लिने निर्णय गरेको हो।

१२ साउनको मन्त्रिपरिषद् बैठकको निर्णयमा रानी-जमरा कुलरिया सिँचाइ आयोजना तेस्रो चरणका लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने एक सय ३७ मिलियन अमेरिकी डलरबराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने उल्लेख छ। त्यस्तै, विद्युत् वितरण प्रणाली स्तरोन्नति तथा सुदृढीकरण आयोजनाका लागि विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने ८६.७ मिलियन अमेरिकी डलरबराबरको छोटो अवधिको कर्जा र ३३.३ मिलियन अमेरिकी डलरबराबरको सहुलियतपूर्ण ऋण गरी जम्मा एक सय २० मिलियन अमेरिकी डलरबराबरको सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने मन्त्रिपरिषद्को निर्णय छ।

### ऋण तथा अनुदान लिन पछिल्ला तीन मन्त्रिपरिषद्ले गरेको निर्णय

**४ साउन** : विश्व बैंकबाट विकास प्रभावकारिताका लागि १० मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने।

**७ साउन** : विद्युत् ट्रान्समिसन आयोजनाका लागि १०० मिलयन डलर ऋण लिने।

**१२ साउन** : रानी-जमरा कुलरिया सिँचाइ आयोजना, तेस्रो चरणका लागि विश्व बैंक समूहबाट करिब १८ अर्ब ९२ करोड रुपैयाँ सहुलियतपूर्ण ऋण स्वीकार गर्ने।

- विद्युत् वितरण प्रणाली स्तरोन्नतिका लागि एक सय २० मिलियन डलर ऋण लिने।
- विद्युत् वितरण प्रणाली सदृढीकरणका लागि जर्मनबाट २० मिलियन युरो अनुदान लिने।
- सिन्धुली सडकको आपत्कालीन पुनर्स्थापनाका लागि जापानबाट प्राप्त हुने २.८ अर्ब येन अनुदान स्वीकार गर्ने।

मन्त्रिपरिषद्को बैठकले जापान र जर्मनबाट प्राप्त हुने पौने ६ अर्ब रुपैयाँबराबरको अनुदान सहायतासमेत स्वीकार गर्ने निर्णय गरेको छ। 'बाढीबाट क्षतिग्रस्त सिन्धुली सडकको आपत्कालीन पुनर्स्थापनाका लागि जापान सरकारबाट प्राप्त हुने २.८ अर्ब जापानी येनबराबरको अनुदान सहायता स्वीकार गर्ने,' मन्त्रिपरिषद्ले निर्णय गरेको हो। त्यस्तै, ऊर्जा वितरण स्तरोन्नति कार्यक्रमका लागि जर्मन सरकारले प्रदान गर्ने २० मिलियन युरोबराबरको अनुदान सहायता स्वीकार गर्नेसमेत सरकारले निर्णय गरेको हो। सरकारी खर्च धान्न ऋण लिने क्रम बढेको छ। गत आर्थिक वर्ष ०८१/८२ मा मात्रै सरकारले चार खर्ब ५५ अर्ब ऋण लिएको थियो। जसकारण गत आवको अन्त्यसम्म सार्वजनिक ऋणको आकार २६ खर्ब ६९ अर्ब पुगेको छ।

■ कानुन मिचेर ऐन निर्माण

# मन्त्रिपरिषद्बाट स्वीकृति नलिई ऐन ड्राफ्ट गर्दै अर्थ मन्त्रालय

## मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति लिएर मात्रै नयाँ ऐनको विधेयक तयार गर्नुपर्ने विधायन ऐन, ०८१ मा स्पष्ट व्यवस्था, ऐन बनाउन ढिलो नहोस् भनेर 'फास्ट ट्र्याक'मा काम गरिएको अर्थ मन्त्रालयको भनाइ



### द्रुत गतिमा कानुन ल्याउन खोजेका हौँ

● **घनश्याम उपाध्याय**, अर्थसचिव

हामीले बजेट अनुशासन सुदृढ गर्ने कानुन मस्यौदा गर्ने र मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृत गराउने प्रक्रियालाई सँगसँगै अघि बढाएका छौँ। कानुन निर्माणमा ढिलाइ नहोस् भन्ने उद्देश्यले दुवै काम समानान्तर ढंगले अघि बढाइएको हो।

### मस्यौदाको अवधारणापत्र तयार गर्ने, कानुन मन्त्रालयको सहमति लिने र मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति लिने प्रक्रिया पूरा भएको छैन

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

विधायन ऐन, ०८१ ले कुनै पनि मन्त्रालयले विधेयकको मस्यौदा तर्जुमा गर्नुअघि मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ। तर, अर्थ मन्त्रालयले मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृत नलिई बजेट अनुशासन सुदृढ गर्ने कानुन निर्माणका लागि विधेयकको मस्यौदा तर्जुमा अघि बढाएको खुलेको छ। अर्थले कानुन निर्माणका लागि कार्यदल नै गठन गरेर विधेयकको कामलाई औपचारिक सुरुवात गरिसकेको छ।

अर्थसचिव घनश्याम उपाध्यायले बजेट अनुशासन सुदृढ गर्नका लागि कानुनको मस्यौदा तयार गर्ने र मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृत गराउने प्रक्रियालाई सँगसँगै अघि बढाउन खोजेको बताए। तर, विधायन ऐनले यस्तो सुविधा दिएको छैन। कानुन निर्माणमा ढिलाइ नहोस् भन्ने उद्देश्यले दुवै काम समानान्तर ढंगले अघि बढाइएको उनको प्रस्टीकरण छ। 'हामीले ऐनबमोजिमको प्रक्रियालाई पनि सँगसँगै लैजाने गरी कानुनको मस्यौदा बनाउने कामलाई द्रुत गतिमा अघि बढाउन खोजेका हौँ,' उनले भने।



अर्थले बुधबार बजेट अनुशासन सुदृढ गर्न कानुन निर्माणका लागि वित्तीय संघीयता समन्वय महाशाखा प्रमुख महेश बराल संयोजक रहने गरी कार्यदल गठन गरिसकेको छ। कार्यदलका सदस्यहरूमा अर्थ मन्त्रालयकै बजेट महाशाखाका उपसचिव, अर्थ मन्त्रालय, कानुन तथा फैसला महाशाखाका उपसचिव र विषयविज्ञका रूपमा पूर्वसहसचिव निर्मलहरि अधिकारी राखिएको छ। कार्यदलको सदस्य सचिवमा वित्तीय संघीयता महाशाखाका उपसचिव रहने व्यवस्था छ।

विधायन ऐनमा कानुनी व्यवस्था नभएको विषयमा वा कानुनी व्यवस्था भए पनि त्यस्तो कानुनी व्यवस्थालाई खारेज गर्ने गरी विधेयकको मस्यौदा तयार गर्नुअघि सम्बन्धित मन्त्रालयले मन्त्रिपरिषद्बाट निर्धारण भएबमोजिमको विवरण समावेश गरी विधेयकको मस्यौदा तर्जुमाका लागि अवधारणापत्र तयार गर्नुपर्ने व्यवस्था छ। यस्तो अवधारणापत्रमा कानुन मन्त्रालयको सहमति लिनुपर्ने उल्लेख छ। कानुन मन्त्रालयबाट सहमति लिएपछि विधेयकको मस्यौदा तयार गर्ने प्रयोजनका लागि सम्बन्धित मन्त्रालयले सैद्धान्तिक स्वीकृतिका लागि मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ। तर, यी कुनै पनि चरण पूरा नगरी अर्थ मन्त्रालयले ऐन निर्माणका लागि कार्यदल गठन गरेर धमाधम मस्यौदा तयार गरिरहेको छ। सालबसाली रूपमा जारी हुने आर्थिक विधेयक वा विनियोजन विधेयक वा सोसँग सम्बन्धित आश्रित विधेयक र कुनै ऐनको संशोधन विधेयकको मस्यौदा तर्जुमाका लागि भने मन्त्रिपरिषद्बाट सैद्धान्तिक स्वीकृति लिइरहनुनपर्ने ऐनमा उल्लेख छ। तर, नयाँ ऐन बनाउँदा भने मन्त्रिपरिषद्बाट अनिवार्य रूपले सैद्धान्तिक स्वीकृति लिएर मात्रै सम्बन्धित मन्त्रालयले विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमा गर्नुपर्ने उल्लेख छ।


GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99 %p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np


# पेट्रोलको भाउ घट्यो, डिजेलको बढ्यो



**काठमाडौं**/ नेपाल आयल निगम लिमिटेडले बिहीबार रातिबाट लागू हुने गरी पेट्रोलको मूल्य प्रतिलिटर एक रुपैयाँले घटाएको छ। डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर समान दुई रुपैयाँले बढाएको छ। मूल्य समायोजनपछि उपत्यकामा पेट्रोल एक सय ५९ रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ५० रुपैयाँ प्रतिलिटर निर्धारण भएको छ। निगमले हवाई इन्धनको मूल्य पनि समायोजन गरेको छ। आन्तरिक हवाई इन्धन तीन रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन प्रतिकिलोलिटर २१ डलरले वृद्धि गरेको निगमले जनाएको छ।

मूल्यवृद्धिपछि आन्तरिक हवाई इन्धन एक सय २८ रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन (काठमाडौंका लागि) नौ सय ५२ डलर प्रतिकिलोलिटर पुगेको छ। बिहीबार दिउँसो इन्डियन आयल कर्पोरेसनले नयाँ खरिद मूल्य पठाएकाले नेपाली बजारमा समायोजन गरेको निगमले जनाएको छ। आइओसीले पेट्रोल ०.८७ रुपैयाँ घटाएर पठाएको तथा डिजेल ३.५० रुपैयाँ र हवाई इन्धन ३.०६ रुपैयाँले बढाएर पठाएको निगमले जनाएको छ।

# कञ्चनपुरमा १.८० अर्ब बजेट फ्रिज

## संघ, प्रदेश र स्थानीय तहको बजेटबाट जिल्लास्थित ८७ कार्यालयमा १७ अर्ब १४ करोड बजेट विनियोजित, तर १५ अर्ब ३४ करोड मात्रै खर्च




संघतर्फको बजेट

- **विनियोजित** : १४ अर्ब २ करोड ३० लाख
- **खर्च भएको** : १३ अर्ब ११ करोड ३५ लाख
- **फिर्ता भएको** : ९० करोड ९५ लाख




प्रदेशतर्फको बजेट

- **विनियोजित** : ३ अर्ब १२ करोड २४ लाख
- **खर्च भएको** : २ अर्ब २३ करोड २३ लाख
- **फिर्ता भएको** : ८९ करोड २२ लाख

कञ्चनपुरमा **मोहन विष्ट**

आर्थिक वर्ष ०८१/८२ मा कञ्चनपुरमा विनियोजित बजेटमध्ये खर्च हुन नसकी एक अर्ब ८० करोड १७ लाख ३४ हजार ८० रुपैयाँ फ्रिज (फिर्ता) भएको छ।

संघमातहतको कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइबाट प्राप्त तथ्यांकअनुसार जिल्लास्थित ८७ सरकारी कार्यालयले गत आवमा ८९.४९ प्रतिशत रकम खर्च गरेका छन्। संघ, प्रदेश र स्थानीय तहबाट विनियोजित कुल १७ अर्ब १४ करोड ५५ लाख १७ हजार चार सय १० मध्ये १५ अर्ब ३४ करोड ३७ लाख ८३ हजार तीन सय ३० रुपैयाँ खर्च भएको दुवै कार्यालयबाट प्राप्त तथ्यांकमा उल्लेख छ।

संघीय बजेटमार्फत चालूतर्फ नौ अर्ब ७३ करोड १५ लाख र पुँजीगततर्फ चार अर्ब २९ करोड १५ लाख गरी कुल १४ अर्ब दुई करोड ३० लाख बजेट जिल्लास्थित कार्यालयमा विनियोजन भएको थियो। त्यसमध्ये १३ अर्ब ११ करोड ३५ लाख खर्च भई ९० करोड ९५ लाख फ्रिज भएको कोलोनिकाले जनाएको छ।

प्रदेश लेखा इकाइको तथ्यांकअनुसार चालूतर्फ एक अर्ब ५२ करोड ३९ लाख र पुँजीगततर्फ एक अर्ब ५९ करोड ८४ लाख गरी कुल तीन अर्ब १२ करोड २४ लाख विनियोजन भएको थियो। त्यसमध्ये दुई अर्ब २३ करोड २३ लाख खर्च भई ८९ करोड २२ लाख फ्रिज भएको प्रदेश लेखा इकाइले जनाएको छ।

कोलोनिका, कञ्चनपुरकी सूचना अधिकारी सबिना वनले देशभरिमध्ये कञ्चनपुरमा तुलनात्मक रूपले धेरै बजेट खर्च भएको बताइन्। उनले खर्च गर्ने क्षमतामा निपुणता नभएकाले केही बजेट फिर्ता भएको जानकारी दिइन्। त्यस्तै, प्रदेश लेखा इकाइ, कञ्चनपुरका सूचना अधिकारी वीरबहादुर ऐरले ढिलो गरी खर्चको अख्तियारी प्राप्त भएको तथा प्रशासनिक समस्याले पनि पूरै खर्च हुन नसकेको बताए।

योजना सम्पन्न गर्न सम्बन्धित कार्यालय र कर्मचारीमा इच्छाशक्तिको अभावका कारण पनि बजेट फिर्ता जाने गरेको उनको भनाइ छ। कञ्चनपुरका सरकारी कार्यालयले असारमा मात्रै तीन अर्ब १२ करोड खर्च गरेको दुवै निकायबाटै प्राप्त तथ्यांकमा उल्लेख छ। असारमा मात्रै गरिएको खर्च कुल विनियोजित बजेटको १८.२१ प्रतिशत हो।

संघीय बजेटतर्फबाट चालूमा एक अर्ब १५ करोड १७ लाख र पुँजीगतमा एक अर्ब १२ करोड ४२ लाख गरी कुल दुई अर्ब २७ करोड ६० लाख रुपैयाँ खर्च भएको थियो। त्यस्तै, प्रदेश बजेटबाट चालूतर्फ ३८ करोड ८५ लाख र पुँजीगततर्फ ४५ करोड ८४ लाख गरी कुल ८४ करोड ६९ लाख खर्च भएको थियो।

जिल्लाको वृद्धि विकासका लागि कञ्चनपुरमा आएको बजेट फ्रिज जाँदा यहाँका स्थानीय चिन्तित भएका छन्। फ्रिज हुने बजेटका कारण जिल्लाको विकास निर्माणमा समेत बाधा उत्पन्न भएको स्थानीयको भनाइ छ। विकास निर्माणका लागि जिल्लामा आएको बजेट सदुपयोगमा स्थानीयले जोड दिएका छन्।

# नेपालका तीर्थस्थलमा भारतीय पर्यटकको 'बोलबम' यात्रा

## साउन महिनाभर सात्त्विक भोजन गर्ने र भोगविलासबाट टाढा रहेर शिवको मन्त्र जप्दै तीर्थाटन गर्ने धार्मिक विश्वास, तिलौराकोटदेखि सुपा देउरालीसम्म पुग्न भारतीय पर्यटकको घुइँचो

कपिलवस्तुमा **डिलाराम भुसाल**

लुम्बिनीका तीर्थस्थल र शिव मन्दिरहरूमा भारतीय पर्यटकहरू बोलबम अलाप्दै धाउनेक्रम बढेको छ। साउन महिनाभर सात्त्विक भोजन गर्ने र भोगविलासबाट टाढा रहेर शिवको मन्त्र जप्दै तीर्थाटन गर्ने चलन छ।

विशेष गरी भारतीयले शिवका मन्दिरमा बोलबम काँवर जल यात्रा गर्ने गरेका छन्। कपिलवस्तुको ऐतिहासिक तिलौराकोट दरबार क्षेत्र, जगदीशपुर ताल, अर्घाखाँचीको सुपा देउराली, प्युठानको स्वर्गद्वारी र पाल्पाको भैरवस्थान मन्दिरलगायतमा भारतीय पर्यटकको उल्लेख्य उपस्थिति बढेको हो। तीर्थाटनका लागि भिड बढेकाले सुठौली र कृष्णनगर सीमानाकामा समेत लाइन लागेर भारतीयहरू प्रवेश गर्नुपर्ने स्थिति बनेको छ।

भारतको सिद्धार्थनगर, बलरामपुर र बस्ती जिल्लाबाट आएका तीर्थयात्रीले भन्सार प्रक्रियामा चार घण्टासम्म लाइनमा कुर्नुपरेको गुनासो गरेका छन्।

उत्तर प्रदेशको सिद्धार्थनगर जिल्ला, उतरिया ग्राम पञ्चायतनिवासी विशाल मौर्यले पछिल्लो तीन वर्षदेखि नियमित रूपमा स्वर्गद्वारी मन्दिरको दर्शन गर्न आउने गरेको बताए। त्यसैगरी, पचपेडवा क्षेत्रका ऋषिराम विश्वकर्माले अर्घाखाँचीको सुपा देउराली माताको दर्शन गर्न मोटरसाइकल भन्सार गराउन सुठौली नाका पुगेको बताए।

'सुपार देउराली पुग्दा मनोकामना पूरा हुने विश्वासले हामी प्रत्येक वर्ष साथीसँग आउने गर्छौं,' उनले भने। नेपालको शक्तिपीठ दर्शन गर्न आउँदा राम्रो अनुभव हुने भए पनि भन्सार जाँचपासमा सधैँ दुःख पाउने गरेको उनको गुनासो छ।



नेपालमा तीर्थाटन गर्न भन्सार जाँचपासका क्रममा लामबद्ध भएका भारतीय पर्यटक

### ■ प्रचारप्रसार बढेकाले भारतीय बढेको दाबी

लुम्बिनी प्रदेशका धार्मिक, पुरातात्त्विक तथा पर्यटकीय स्थलको प्रचारप्रसारलाई सरकारी निकायले प्राथमिकताका साथ प्रवर्द्धन गरिरहेका छन्। त्यसैले भारतबाट पर्यटक आउने क्रम बढेको कपिलवस्तु नगरपालिका प्रमुख सुदीप पौडेलले बताए। 'साउन महिनामा विशेष गरी शिव मन्दिरमा हुने काँवर जलयात्रा, मेला तथा धार्मिक अनुष्ठानका कारण भारतीय श्रद्धालु नेपालतर्फ आकर्षित भइरहेका हुन्,' उनले भने। आगामी दिनमा पर्यटकीय स्थलको प्रचारप्रसारलाई तीव्रता दिने उनले बताए।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १६ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय सितापाईलाबाट तपशिलमा उल्लेखित ऋणीले लघुउधम कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

पदम बहादुर लिम्बुको छोरी टेक बहादुर मगरको बुहारी टंक बहादुर राना मगरको पत्नी धनकुटा जिल्ला राजारानी गा.वि.स. वडा नं. ६ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने **विनुता लिम्बु** (ना.प्र.नं. : १९७१ जारी मिति र जिल्ला : २०५६/०९/११, धनकुटा)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

१) धनविर राना मगरको नाति टेक बहादुर मगरको छोरा धनकुटा जिल्ला आंखीसल्ला गा.वि.स. वडा नं. २ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने **टंक बहादुर राना मगर** (ना.प्र.नं. : ८४९/११०६ जारी मिति र जिल्ला : २०५३/०८/०२, धनकुटा)

२) धनविर राना मगरको नाति टेक बहादुर राना मगरको छोरा धनकुटा जिल्ला आंखीसल्ला गा.वि.स. वडा नं. २ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने **अजय राना मगर** (ना.प्र.नं. : २२११ जारी मिति र जिल्ला : २०५७/०६/३०, धनकुटा)

३) पदम बहादुर लिम्बुको छोरी चैत्र बहादुर राईको बुहारी दिल कुमार राईको पत्नी धनकुटा जिल्ला बोधे वडा नं. ३ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने **पार्वती राई** (ना.प्र.नं. : ३४ जारी मिति र जिल्ला : २०५९/०४/०६, काठमाडौं)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८१/०५/१० को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| बिनुता लिम्बु | धादिङ जिल्ला बैरेनी वडा नं. ३ | ३ख | ३९ | १,३५५.२६ |
| | | | ४० | ७१५.३८ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/०५ गते बिहीबार भित्र यस बैंकको शाखा कार्यालय सितापाईला आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/०६ गते शुक्रबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय सितापाईलामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ